नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

प्रेस तथा सूचना समन्वय शाखा

प.स.०६६।६७
च.नं.

मिति २०६६।१२।३१

विषयः- **<u>लोककल्याणकारी विज्ञापन प्रशारण सम्बन्धमा ।</u>**

श्री सामुदायिक रेडियो प्रसारक संघ, नेपाल (ACORAB) ।
श्री ब्रोडकास्टिङ्ग एशोसिएसन अफ नेपाल (BAN) ।
श्री टेलिभिजन ब्रोडकास्टर्स नेपाल (TBN)।

लोककल्याणकारी विज्ञापन उपलब्ध गराउन वनाइएको विद्युतीय आमसञ्चार माध्यमहरुलाई वितरण गरिने लोककल्याणकारी विज्ञापन वितरणको मापदण्ड निर्देशिका, २०६६ मा आधारित भई आ.व. २०६६/६७ का लागि प्राप्त वजेट मध्येवाट हाललाई मन्त्रालयवाट प्राप्त सूचना सामग्री मन्त्रालयमा सूचीकृत संलग्न आफ्ना सदस्य संस्थाहरुवाट देहाय वमोजिमको समय प्रशारण गर्न आवश्यक व्यवस्था गर्नु हुन निर्देशानुसार अनुरोध छ ।

**(क) रेडियो तर्फ**

| **समयको वर्गीकरण** | **मिनेट** | **(क) वर्ग २५० वाट** | **(ख वर्ग १०००वाट** | **(ग)वर्ग भन्दा माथि** |
|---|---|---|---|---|
| सुपर प्राइम | ४८ | रु.३०० | रु. ३३० | रु. ३६५ |
| प्राइम | १२६ | रु.२०० | रु.२२० | रु.२४५ |
| सामान्य | २१६ | रु.१५० | रु.१६५ | रु.१८५ |

**(ख) टि.भी. तर्फ**

प्रतिमिनेट विज्ञापन रु. ४०००। का दरले

| समयको वर्गीकरण | मिनेट |
|---|---|
| सुपर प्राइम टाइम | ३६ |
| प्राइम | ६६ |
| सामान्य | ८४ |

<u>विज्ञापन प्रशारणको भुक्तानी लिन पालना गर्नु पर्ने शर्तहरु</u>

१. लोककल्याणकारी विज्ञापन वितरण मापदण्ड निर्देशिका, २०६६ मा उल्लेख भएका शर्तहरु ।
२. बुदाँ नं. १ अनुरुपको शर्तहरु पुरा नभएको अवस्थामा प्रशारणको भुक्तानी नहुने ।

(लक्ष्मीविलास कोइराला)
उपसचिव

**<u>वोधार्थ :</u>**
श्री आर्थिक प्रशासन शाखा,
सूचना तथा सञ्चार मन्त्रालय, भुक्तानी सम्बन्धमा जानकारीका लागि ।

अद्यावधिक गरिएको मितिः २०६७ जेष्ठ ६

नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

प्रेस तथा सूचना समन्वय शाखा

प.स.०६६।६७
च.नं.

मिति २०६७।२।५

**विषयः- लोककल्याणकारी विज्ञापन प्रशारणको सिफारिस गर्ने सम्बन्धी परीपत्र संवन्धमा ।**

श्री हुलाक सेवा विभाग
डिल्लिबजार ।

विद्युतीय आम सञ्चार माध्यमहरुलाई वितरण गरिने लोककल्याणकारी विज्ञापन वितरण मापदण्ड निर्देशिका २०६६ अनुसार मन्त्रालयमा सूचीकृत भएका विभिन्न जिल्लाका एफ.एम. रेडियोहरुले २०६७।०१।०१ देखि लोक कल्याणकारी विज्ञापन प्रशारण गरी रहेका छन । स्थानीय समन्वय समितिले त्यस्तो विज्ञापन प्रशारण भएको हो भन्ने सिफारिसको आधारमा मात्र वील भुक्तानी हुने व्यवस्था रहेको र यस सन्दर्भमा विभिन्न जिल्ला हुलाक कार्यालयहरुबाट लोककल्याणकारी विज्ञापन प्रशारणको सिफारिस के आधारमा गर्ने भनी सोधी आएकोले त्यस्तो सिफारिस एफ.एम. रेडियोहरुको कार्यक्रम तालिका वा प्रशारणको रेकर्ड वा कार्यक्रम प्रशारणको प्रत्यक्ष जानकारी लिई सिफारिस गर्ने व्यवस्थाका लागि सबै जिल्ला हुलाक कार्यालयहरुमा परिपत्र अविलम्ब गरिदिने व्यवस्थाका लागि तथा जिल्ला हुलाक कार्यालयहरुले यस सम्बन्धमा बुझ्न परेमा सञ्चार महाशाखा (४२११४३५) वा प्रेस शाखा (४२११६२५) मा सम्पर्क गर्न समेत जानकारी गराई दिनु हुन निर्देशानुसार अनुरोध गर्दछु ।

**बोधार्थ तथा कार्यार्थः-**

श्री सामुदायीक रेडियो प्रशारक संघः - सवै एफ.एम. रेडियो, टेलिभिजनहरुलाई विज्ञापन प्रशारणको रकम भुक्तानीका लागि २०६७ असार १५ अगावै सम्वन्धित जिल्ला हुलाक कार्यालयको सिफारिस साथ मन्त्रालयमा वील आईपुग्ने गरि पठाउने व्यवस्था गर्नु हुन ।

श्री ब्रोडकास्टिङ्ग एशोसिएशन अफ नेपालः " "

श्री टेलिभिजन ब्रोडकार्स्टस नेपालः " "

(लक्ष्मिविलास कोइराला)
उप सचिव

अद्यावधिक गरिएको मितिः २०६७ जेष्ठ ६